
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २८ गते बिहीबार ❑ 14 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'दाहाललाई प्रधानमन्त्री बनाउँदा कांग्रेस कार्यकर्ताले चित्त दुखाउन हुँदैन'

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेस लोकतान्त्रिक र प्रतिस्पर्धात्मक राजनीतिमा विश्वास गर्ने पार्टी भएकाले द्वन्द्वमा लागेको माओवादीलाई शान्ति प्रक्रियामा ल्याएर देशको समृद्धितर्फ अगाडि बढिरहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस पोखरा महानगर समितिको दोस्रो महानगर सम्मेलनलाई बुधबार पोखरामा सम्बोधन गर्दै उहाँले देशको सबैभन्दा ठूलो राजनीतिक पार्टी नेपाली कांग्रेस भए पनि राजनीतिक व्यवस्थापन गर्दा पहिला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रधानमन्त्री स्वीकार गर्दा कांग्रेसका कार्यकर्ताले चित्त दुखाउन नहुने बताउनुभयो ।




"कांग्रेस सबैको हित चाहने पार्टी हो, कांग्रेस आम जनताको सुख दुःखमा साथ दिने पार्टी नै हो", उहाँले भन्नुभयो, "जनताको भरविश्वास पनि कांग्रेस पार्टीमा रहेकाले नयाँ उम्रेका पीपलपाते पार्टी क्षणिकका लागि मात्र हुन् ।" मिसन २०८४ मा पनि कांग्रेस नै सबैभन्दा ठूलो पार्टी बन्ने दाबी गर्दै कार्यकर्तालाई विचलित नहुन उहाँले आग्रह गर्नुभयो । "नेपाली कांग्रेस सीमित व्यक्ति मात्र नभई सबै जनता धनी भएको देख्न चाहन्छ, महामानव वीपीको सिद्धान्त पनि जनता धनी हुन् भन्ने नै थियो", उहाँले भन्नुभयो । कांग्रेस भ्रष्टाचार विरोधी अभियानमा रहेको भन्दै उहाँले भ्रष्टाचारमा लाग्ने आफ्नै नेता तथा कार्यकर्तालाई पनि जोगाउने पक्षमा पार्टी नरहेको स्पष्ट गर्नुभयो । कांग्रेसलले नेपालमा पहिचानको मुद्दा ७० वर्ष पहिला नै उठाएकाले कांग्रेसभन्दा क्रान्तिकारी पार्टी अरु कुनै हुन नसक्ने उल्लेख गर्दै महामन्त्री थापाले नेपालको विविधतालाई कुनै हालतमा मास्न नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । "नेपाली कांग्रेस छिमेकी देश भारत र चीनको सम्बन्ध सन्तुलित राख्न चाहन्छ, सानो मुलुक उनीहरूसँग विवाद गर्न चाहँदैन, र गर्न पनि सक्दैन", उहाँले भन्नुभयो, "नेपाल जुनसुकै देशमा पनि शान्ति स्थापना होस् भन्ने पक्षमा छ ।"

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरु बरालले वीपीको सिद्धान्तलाई अँगाल्दै कांग्रेस अगाडि बढ्न आवश्यक भएको बताउनुभयो । कांग्रेस बलियो भयो भने मात्र लोकतन्त्र र व्यक्ति स्वतन्त्रता बलियो हुने उहाँको भनाइ थियो ।

कांग्रेस गण्डकी सभापति शुक्रराज शर्माले नेपाली कांग्रेसका हरेक कार्यकर्ताले देशमा भएका उपलब्धिको प्रचारप्रसार गरी कांग्रेसप्रतिको आकर्षण बढाउनुपर्नेमा जोड दिनुभयो ।

## प्रदेश सरकारको योजनामा कोइकाको साथ रहने विश्वास : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराजपाण्डेलेप्रदेशसरकारको योजनामा कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)को साथ रहने विश्वास व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्री पाण्डे र कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को टोलीबीच आज मुख्यमन्त्री कार्यालयमा भएको भेटवार्तामा उहाँले प्रदेश सरकारले स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा कोइकाको सहयोगको अपेक्षा गरेको बताउनुभयो । लामो समयदेखि नेपाल र कोरियाबीच सुमधुर सम्बन्ध रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले २०७२ को गोरखा भूकम्प, कोभिड- १९ जस्ता समयमा पनि कोइकाले नेपाललाई गरेको सहयोग स्मरणीय रहेको बताउनुभयो । गण्डकीप्रदेशको विकासका लागि कोरिया सरकार र कोइकासँगको साझेदारी महत्त्वपूर्ण रहने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

कोइकाका उपाध्यक्ष ली युन योङले कोरियन सरकार र कोइका गण्डकी प्रदेश सरकारसँग काम गर्न पाउँदा निकै खुसी रहेको बताउँदै सहकार्य हुने धारणा राख्नुभयो । गण्डकी प्रदेशको समस्यालाई सम्बोधन एवं त्यसका लागि प्रदेश सरकारसँग कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा आफूहरू लागेको उहाँले बताउनुभयो । कोइकाले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानसँगको सहकार्यमा प्रदेशसँग सहकार्य गर्ने तयारी गरेको छ ।

गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्ने विषयमा कोइकाको नौ सदस्यीय टोली द्विपक्षीय भेटघाटका लागि गण्डकी प्रदेश आएको हो । कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिम्खडा, प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेत, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक सोमनाथ सापकोटा लगायतले गण्डकी प्रदेश सरकार र कोइका बीचको साझेदारीलगायतका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

## जलवायु परिवर्तनको असर न्यूनीकरणमा साझा सहकार्य आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



जोन्टा क्लब अफ पोखराको आयोजना एवं पोखरा पर्यटन परिषद् र होटेल सङ्घ पोखराको सहकार्यमा आयोजित जलवायु परिवर्तन विषयक कार्यक्रममा जलवायु परिवर्तनको असर न्यूनीकरणमा साझा सहकार्य आवश्यक भएकोमा जोड दिइएको छ ।

विश्वव्यापी रूपमा जलवायु परिवर्तनको असर बढिरहेका अवस्थामा नेपाल पनि प्रत्यक्ष प्रभावित भएको बताउँदै वक्ताहरूले प्रभावको न्यूनीकरणका लागि साझा सहकार्य अपरिहार्य भएको बताउनुभयो । गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले जलवायु परिवर्तन चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै यसको न्यूनीकरणमा सबैलेआआफ्नातर्फबाटयोगदान गर्नुपर्ने बताउनुभयो । जलवायु परिवर्तनको सम्भावनालाई समेत आत्मसात् गर्दै वातावरणमैत्री संरचना निर्माण गर्नुपर्नेमा जोड दिँदै उहाँले पछिल्ला समयमा मुस्ताङको कागबेनीमा बाढीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोउवा संघद्वारा लेखनाथ उवासंघको नवनिर्वाचित नेतृत्वलाई बधाई तथा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

पोखरा उद्योग वाणिज्य संघले छिमेकी लेखनाथ उद्योग वीणज्य संघको नवनिर्वाचित अध्यक्ष विनोद श्रेष्ठसहित पदाधिकारी र कार्यसमितिलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ ।

निजी क्षेत्रका समान एजेण्डा बोक्ने तथा एउटै महानगरभित्र रहेका दुई उद्योग वाणिज्य संघबीच भाइचारा र सहकार्य बृद्धिको लागि सम्मान तथा बधाई ज्ञापन गरेको हो । नव निर्वाचित अध्यक्षसहितको टिमलाई बधाई र सम्मान व्यक्त गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले लेखनाथ उद्योग वाणिज्य संघले अहिले अस्तित्वमा नभएको लेखनाथ नगरपालिकाको विरासत थामेको धारणा राखे । उनले उद्योगी/व्यवसायीहरुले आफ्नो व्यवसायमा मात्र ध्यान नदिएर सामाजिक उत्तरदायित्वसमेत बहन गर्नुपर्ने बताउँदै अगाडि भने,'पोखरा र लेखनाथ उद्योग वाणिज्य संघले संयुक्त रुपमा यो दायित्व निभाएको स्मरण गर्न चाहन्छु ।' उनले पोखरा



उद्योग वाणिज्य संघको २०४२ सालको कार्यसमिति बैठकले नै पोखरा विश्वविद्यालय स्थापनाको लागि पहल गर्ने निर्णय गरेको र त्यसको अगुवाइ गरेको स्मरण पनि गरे । 'संयोग कस्तो भयो भने २०५४ साल असार २४ गते लेखनाथ उद्योग वाणिज्य संघ र २०५४ सालकै साउन ९ गते पोखरा विश्वविद्यालयको स्थापना भयो,' उनले भने,'हामीले बृहत्तर र समृद्ध पोखरा निर्माणको लागि नै विश्वविद्यालयको माग गरेका थियौं । र, भविष्यलाई हेरेर विश्वविद्यालय फराकिलो र सम्भावना नै सम्भावना भएको लेखनाथ क्षेत्रमै स्थापना हुनुपर्छ भन्ने कुरा हामीले गरेका थियौं ।'उनले लेखनाथमै रहेको पुँडीटारमा औद्योगिक क्षेत्र स्थापना हुनुपर्ने तथा लेखनाथ क्षेत्रमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र एवं पोखरा महानगरका प्रशासनिक कार्यालयहरु स्थापना गरिनुपर्ने पनि बताए ।

पोखरामै रहेर पनि लेखनाथ क्षेत्रको विशिष्ठ महत्व छ । पोखरा महानगरले लेखनाथ क्षेत्रको विकासको लागि विशेष प्याकेज कार्यक्रम घोषणा गर्नुपर्छ । महानगरको प्रशासनिक भवन नै लेखनाथ क्षेत्रमा स्थापना गरिनुपर्छ,'उनले भने,' बेगनाससहितका रुपा, दिपाङ,खास्टे न्यूरेनी,गुँदे तालसहित यहाँका कोट, रोयल ट्रेकको प्रवर्द्धन गर्दै पर्यटकीय गतिविधिहरु पनि लेखनाथ क्षेत्रमा बिस्तार हुनुपर्छ ।' कार्यक्रममा बोल्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठले पोखरा एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चिता हुनुपर्ने, लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि विशेष प्याकेज ल्याइनुपर्ने तथा तालहरुको संरुक्षण गरिनुपर्ने धारणा राखे । 'नेपालको निजी क्षेत्र तीनवटै तहका सरकारसँग हातेमालो गरेर अगाडि बढ्न तयार छ,'उनले भने,' पोखरा महानगरसँगको सहकार्यमा लेखनाथ क्षेत्रको विकासमा हामी अगाडि बढ्ने छौं ।' उनले चुनावी वाचा पूरा गर्ने र सम्पूर्ण समय उद्योगी/व्यवसायीहरुको हितमा खर्चने प्रतिवद्धता पनि जनाए ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले अर्थतन्त्र सिथिल भएको बेला उद्योग वाणिज्य संघहरुको भूमिका झन बढेको तर सरकारी निकायहरुको उदासिनताले आफूहरुलाई अचम्मित तुल्याएको बताए । संघका महासचिव बलराम आचार्यले पोखरा र लेखनाथ उद्योग वाणिज्य संघबीचको सहकार्यले व्यवसायीहरुका समस्या निराकरण गरिने बताए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## विपन्नको जीविकोपार्जनमा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

आर्थिक अवसरबाट पछाडि परेको सुमदायलाई 'विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम'ले आयआर्जनमा सघाउ पुऱ्याएको छ । गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गत गत आवमा प्रदेशका ११ जिल्लाका कूल २० वटा बस्तीमा सो कार्यक्रम सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रमबाट करिब तीन सय ५० विपन्न घरपरिवारको जीविकोपार्जनमा सहयोग पुगेको मन्त्रालयका सूचना अधिकारी ज्योति क्षेत्रीले जानकारी दिनुभयो । "यो वर्ष भने त्यो कार्यक्रमले निरन्तरता पाएको छैन", उहाँले भन्नुभयो, "मुख्यमन्त्री, मन्त्री आदिका नाममा कार्यक्रम नराख्ने भनेर हटाइएको छ ।" विपन्न बस्तीमा आयआर्जनमूलक कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले गत आवमा रु चार करोड बजेट विनियोजन गरेको थियो । मनाङ र मुस्ताङमा एक/एक बस्ती र बाँकी नौ जिल्लामा दुई/दुईवटा बस्ती छनोट गरी कार्यक्रम सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रममार्फत गरिबी निवारणमा टेवा पुग्ने विश्वास लिइएको थियो । किसानलाई कृषि, पशुपक्षी र मत्स्यजन्य उद्यम तथा व्यवसायमा ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ । तोकिएको कार्यविधि र मापदण्डअनुसार छनोटमा परेका विपन्न बस्तीमा सो कार्यक्रम सञ्चालन गरिएको हो । कृषि तथा परम्परागत पेसा अँगालेका, विपन्न तथा सिमान्तकृत, शिक्षा, स्वास्थ्यलगायत भौतिक सुविधाको न्यूनता भएका बस्ती कार्यक्रमका लागि छनोटमा परेका थिए । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा गठित जिल्लास्तरीय समितिले बस्ती पहिचान र छनोट गरी मन्त्रालयमा सिफारस गरेको थियो । कम्तीमा ३० घुरधुरी समेटिने गरी बस्ती पहिचान र छनोट गरिएको थियो ।

कृषि ज्ञानकेन्द्र, बागलुङका

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै सकियो तीज सांस्कृतिक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भदौं




पर्यटन व्यवसायी महिला संघ (टेवान) ले आयोजना गरेको तीज सांस्कृतिक महोत्सव स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै सकिएको छ। भदौ २५ देखि सोमबार सम्म लेकसाइडको कोमागाने पार्कमा आयोजना गरिएको महिला उद्यमी मेलामा गण्डकी प्रदेशका ११ वटै जिल्लाका स्थानीय उत्पादनको प्रवर्द्धन गरिएको थियो।

पोखरा महानगरपालिकाको प्रवर्द्धन, पोखरा पर्यटन परिषद लगायतका संघसंस्थाको सहयोगमा सम्पन्न भएको महोत्सवमा राष्ट्रिय कलाकारको प्रस्तुति रहयो। हाजिरीजवाफ प्रतियोगिता, तीज गीत प्रतियोगिता, महिला दौड प्रतियोगिता लगायतका कार्यक्रमले महोत्सवको रौनकता थप्यो। महोत्सवको समापन दिन गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री दिपेन्द्र बहादुर थापाले पर्यटन क्षेत्रलाई चलायमान बनाउन यस्ता कार्यक्रम गरिरहनुपर्ने बताए। तीजका समय टेवानले सांस्कृतिक महोत्सवको आयोजना गर्दा प्रदेशबाट उत्पादित वस्तुको बजारीकरण र प्रवर्द्धनमा टेवा पुगेको उनले बताए। सरकार खस्किएको पर्यटन क्षेत्रलाई माथि उठाउने गरि नै लागिरहेको भनाई उनको छ। "हामीलाई थाहा छ। पर्यटन क्षेत्र पहिले जस्तो छैन। व्यवसाय खस्किदो छ। पर्यटकको आगमन र उनीहरुको खर्चलाई व्यवस्थापन गर्न सकिएको अवस्था छैन। हामी यसको क्षेत्रको श्रीवृद्धिका लागि नै लागिरहेका छौं। सहज नीति निर्माण गरि शिघ्र पर्यटन क्षेत्र चलायमान बनाउने उद्देश्य प्रदेश सरकारको छ।', उनले भने।

मन्त्री थापाले पर्यटन व्यवसायीलाई मर्का नपर्ने गरी नै सरकार लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन्। जिल्लागत सहजीकरणले नै गण्डकी प्रदेशको पर्यटन विकासमा टेवा पुग्ने धारणा उनको छ। प्रदेशमा उत्पादित वस्तुहरुको बजारीकरणमा ध्यान दिन सकियो भने आर्थिक लाभ लिन सकिने उनले उल्लेख गरे। जसका लागि नीजि क्षेत्रसँग सरकार सहजीकरण गर्न तयार रहेको अभिव्यक्ति उनको छ। मुग्लिन देखि पोखरा सम्मको सडक मर्मतको काम छिटो सक्न केन्द्र सरकारलाई दबाब दिने उनले बताए। पोखरा अन्तर र्ष्ट्रिय विमान स्थलमा बाह्य मुलुकबाट सिधै हवाई अवतरण हुने वातावरण बनाउने गरी प्रदेश सरकार लागि रहेको उनले उल्लेख गरेका छन्। जसका लागि स्थानीय सरकारसँग समेत समन्वय भइरहेको उनले बताए।

गण्डकी प्रदेशका सांसद प्रकाश बरालले टेवानले तीज सांस्कृतिक महोत्सवको आयोजना गरेर उदाहरणीय काम गरेको बताए। उनले अफसिजनमा पोखराको पर्यटन प्रवर्द्धनमा यसले ठूलो मदत पुग्ने बताए। व्यवसायिकमैत्री वातावरण बनाउन सरकारलाई आफुले आग्रह गरिरहेको उनले उल्लेख गरेका छन्। सांसद सरस्वती गुरुङले तीजका बेला महिलादिदीबहिनीहरुले गरेको कार्यक्रम सफल रुपमा सम्पन्न भएको बताइन्। 'सुरुवातमा नै सफलता मिलेको छ, यसको निरन्तरताको कामना गर्दछु।', उनले भनिन्। स्थानीय उत्पादनको प्रवर्द्धनका लागि बेलाबेलामा यस्तो मेलाको आयोजना भइराख्नुपर्ने धारणा उनको छ। पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटन व्यवसायीको मर्कालाई सरकारले बुझ्नुपर्ने बताए। उनले नीजि क्षेत्रबाट पर्यटन प्रवर्द्धनका लागि पहलकदमी हुँदा सरकारको चाँसो सकरात्मक नहुनु समस्या भएको उल्लेख गरे। बोलेर भन्दा पनि काम गरेर नै देखाउने समय आएको भनाई उनको छ। पर्यटन क्षेत्र टाट पल्टिन लागेको र धेरै व्यवसायी पलायन हुने स्थितिमा पुगेकाले सरकारले नै समयमा कदम चाल्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन्।

पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले टेवानले सकरात्मक कदम चालेको बताए। सुरुवात राम्रो भएकाले यसले निरन्तरता पाउनेमा आफु आशावादी रहेको भनाई उनको छ। उनले सरकार, नीजि क्षेत्र एक भएर नै अहिलेको समस्यालाई समाधान गर्न सक्ने उल्लेख गरे। टेवानकी अध्यक्ष कमला गिरीले कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सबै संघसंस्था तथा व्यक्तिलाई धन्यवाद दिएकी छिन्। यो सुरुवात भएको र आगामी दिनमा यस्तो कार्यक्रमले निरन्तरता पाउने भनाई उनको छ।

# डागर स्मृति पुरस्कार युवा वैज्ञानिक मनिषा द्वालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भदौं

डागर स्मृति प्रतिष्ठान नेपालले हरेक वर्ष ऋषि पञ्चमीका दिन अर्पण गर्दै आएको डागर स्मृति पुरस्कार यस वर्ष युवा वैज्ञानिक मनिषा द्वालाई अर्पण गर्ने भएको छ।

प्रतिष्ठानको हालै सम्पन्न बैठकले कास्कीको भद्रकालीमा जन्मेर सन् २०१३ देखि विज्ञान प्रविधिका क्षेत्रमा अनुसन्धानरत मनिषालाई पुरस्कृत गर्ने निर्णय गरेको हो। आफूलाई युवा वैज्ञानिकका रूपमा स्थापित गराउन लामो समय संघर्षरत मनिषा हाल नेपाल एस्ट्रोनोमिकल सोसाइटी नासोकी उपप्रबन्धक रहेकी छन्। नासोद्वारा सञ्चालित महिला विज्ञान पुरस्कारकी संस्थापक, परियोजना संयोजकसमेत रहेकी द्वासँग शिक्षणको अनुभवसमेत छ। स्वतन्त्र फोटो पत्रकारको छवि बनाएकी द्वा अन्नपूर्ण आर्चरी क्लबकी सदस्य पनि



हुन्। उनले विज्ञान प्रविधिका क्षेत्रमा विकासका लागि खगोल (ओएडी) सँगको सहकार्यमा नेपालमा समाज सशक्तिकरणका लागि खगोल विज्ञान अन्तर्गत ३६ स्कुलमा विभिन्न प्राजेक्टको सफल सञ्चालनसमेत गरिसकेकी छन्। द्वा यस अघि विज्ञान प्रविधिका क्षेत्रमा इमर्जिङ स्पेस लिडर्स सन् २०१६, विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार सन् २०२१ लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित भइसकेकी छन्।

उनी जोन्टा क्लब अफ काठमाडौंले विज्ञान प्रविधिका क्षेत्रमा अनुसन्धान छात्रालाई प्रोत्साहनका लागि अन्तरिक्षमा महिला उद्घोषका साथ सञ्चालन गर्दै आएको इन्द्रकला छात्रवृत्ति सन् २०२१ समेत प्राप्त गर्न सफल प्रतिभा हुन्। मनिषाले नेपाल, भारत, चाइना, रोमानिया, इन्डोनेसिया, अमेरिका, मेक्सिको, दुबई, थाइल्याण्ड, अष्ट्रिया, जर्मनी, हङ्गेरीलगायतका देशमा सम्पन्न दुई दर्जन बढी सेमिनारमा सहभागी तथा आफ्नो प्रस्तुति राखेकी छन्।

गण्डकी बोर्डिङ स्कुल लामाचौरबाट विज्ञानमा प्लस टु गरेकी द्वा पृथ्वीनारायण क्याम्पस पोखराबाट भौतिकशास्त्रमा स्नातकोत्तर गरी सोही विषयमा त्रिभुवन विश्वविद्यालयमा विद्यावारिधि अनुसन्धानरत छन्। प्रतिष्ठानले वार्षिक साधारण सभाको सन्दर्भ पारेर अर्पण गर्ने उक्त पुरस्कार यस अघि समाजसेवी विश्वमोहन गौचन, हरिश्चन्द्र शर्मा, सोनाम साङ्पो, रामबहादुर पौडेल, गोविन्दराज पहारी, साहित्यकार आरएम डंगोल, भीम रानाभाट, सुमल गुरुङ, संस्थातर्फ मानव सेवा आश्रम, हिमाली सांस्कृतिक परिवार, स्वास्थ्यसेवी डा तुलिका दुवे, राष्ट्रसेवक चन्द्रा गुरुङ पुरस्कृत भइसकेका छन्।

नेपाली वाङ्मय, विज्ञान प्रविधि, शिक्षा, स्वास्थ्य, राष्ट्रसेवा, समाजसेवाका क्षेत्रमा अर्पण गरिने पुरस्कारको राशि १० हजार पाँच सय नगदसहित सम्मानपत्र र दोसल्ला रहेको छ। पुरस्कार असोज ३ गते पोखरामा एक समारोहका बीच अर्पण गरिने प्रतिष्ठानका अध्यक्ष बिन्दु श्रेष्ठले जानकारी दिइन्।

## जलवायु ...

पारेको नकारात्मक प्रभाव आदिबारे सचेत बन्नुपर्नेमा जोड दिनुभयो।

जलवायुविज्ञ डा जगदीश पराजुलीले उद्योग, यातायात, कृषि, पर्यटन, वातावरणलगायतका हरेक क्षेत्रमा जलवायु परिवर्तनको प्रत्यक्ष असर पर्ने बताउनुभयो। नेपालको पर्यटन प्रकृतिमा आधारित भएको बताउँदै उहाँले प्रकृतिको संरक्षणसँगै जलवायु परिवर्तनको दीर्घकालीन असर न्यूनीकरण गर्ने तवरबाट पूर्वाधार निर्माणमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले वातावरणको संरक्षण अपरिहार्य भएको बताउनुभयो। जलवायु परिवर्तनका क्षेत्रमा देखिएका असरको न्यूनीकरणतर्फ बेलैमा सचेत बन्नु जरुरी भएको उहाँले बताउनुभयो। होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, जोन्टा क्लब अफ पोखराका अध्यक्ष मोनिका थापालगायतले सबैको सहकार्यमा जलवायु परिवर्तनले पार्ने प्रभावको न्यूनीकरण गर्न सकिने धारणा राख्नुभयो।

# चौथो मिष्टर बुल्समेन शारीरिक सुगठन असोज पहिलो साता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भदौं

बुल्समेन क्लबको आयोजनामा आगामी असोज ५ र ६ गते चौथो संस्करणको मिष्टर बुल्समेन शारीरिक सुगठन प्रतियोगिता हुदैं छ।

तीन संस्करण क्लबले पोखरामै आयोजना गरेको थियो। चौथो संस्करणलाई भने क्लबले ललितपुरको सानेपामा आयोजना गर्ने निर्णय गरेको छ। मोफसलबाट आयोजना गरिएको शारीरिक सुगठन प्रतियोगिता सर्वाधिक पुरस्कार राशीको हो। क्लबले २०७१ सालदेखि दुई वर्षको अन्तरमा मिष्टर बुल्समेन शारीरिक सुगठन प्रतियोगिता आयोजना गर्दै आएको छ। चौथो संस्करण ०७७ सालमै आयोजना गर्ने तयारी भएपनि कोभिडकै कारण प्रतियोगिता स्थगित गरिएको थियो। 'बुल्समेनको आह्वान युवाहरुको पहिचान' भन्ने नारासहित स्थापित क्लबले शारीरिक सुगठन खेल मार्फत युवापुस्तलाई खेलकुलप्रति प्रेरित गरेको छ। स्वच्छ समाजको लागि स्वास्थ्य मानसिकतार व्यस्त मानसिकताको लागि स्वस्थ्य शरीर, स्वास्थ्य शरीरको लागि शारीरिक व्यायाम भन्ने मान्यतालाई क्लबले आत्मसात गर्दै आएको छ।

क्लबले आगामी असोज ४ गते सहभागि खेलाडीको तौल लिने छ। पुरुष तर्फ ५५ केजी, ६० केजी, ६५ केजी, ७० केजी, ७५ केजी, ८० केजी र ८० केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा हुने छ। असोज ५ गते प्रिजजिङ र असोज ६ गते शनिबार सानेपास्थित हेरिटेज गार्डेनमा फाईनल हुने क्लबले जनाएको छ। मेन्स फिजिक तर्फ १७० सेन्टिमिटर माथि र १७० सेन्टिमिटर मुनी प्रतिस्पर्धा गराईने क्लबका उपाध्यक्ष रुपेन्द्र गुरुङले जानकारी दिए। उनका अनुसार महिलाको इभेन्टलाई पनि समावेश गरिएको छ। महिला तर्फ वुमन्स फिजिक र वुमन वेलनेसमा प्रतिस्पर्धा गराईने छ।

प्रतियोगिताको ओभरअल च्याम्पियनले ५ लाख नगद पुरस्कार प्राप्त गर्ने छ। प्रत्येक तौल समूहको विजेताले ३५ हजार, दोस्रो हुनेले २५ हजार र तेस्रो स्थानमा रहनेले २० हजार नगद पुरस्कार पाउने छन्। मेन्स फिजिकको दुवै इभेण्टका विजेताले १ लाख, उपविजेताले ५० हजार र तेस्रो स्थानमा रहने खेलाडीले ३५ हजार रुपैयाँ प्राप्त गर्ने छन्। त्यस्तै वुमन फिजिक र वुमन वेलनेस विजेताले पनि समान १ लाख, ५० हजार र ३५ हजार पाउने छन्।

## विपन्नको ...

कृषि अधिकृत कुमार पुनमगरले गत आवमा जिल्लाको गलकोट नगरपालिका-७ र बडिगाड गाउँपालिका-८ मा सो कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। बडिगाडमा उन्नत ताजका राँगा, पाडापाडी वितरण गरिएको उहाँको भनाइ छ।

.गलकोटमा बाख्रापालन र तरकारी खेतीमा किसानलाई सहयोग गरिएको थियो। "एउटा बस्तीमा रु २० लाख बजेट थियो, पशुपालनमा नश्ल सुधारदेखि तरकारी खेतीमा तालिम, औजार र सामग्री वितरण गर्‍यौं", पुनमगरले भन्नुभयो, "यो वर्ष भने उक्त कार्यक्रमका लागि बजेट आएको छैन।" कार्यक्रम सञ्चालन हुने ठाउँमा सीप र क्षमता विकासका कार्यक्रम पनि सञ्चालन गरिएको थियो। कृषिमा अनुदान र सीप पाएपछि किसान पनि सन्तुष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। कमै मात्र कृषिका कार्यक्रम पुग्ने ठाउँमा सो कार्यक्रम सञ्चालन हुँदा प्रभावकारीता देखिएको हो।

◆आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
◆कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
◆सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
◆घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुऱ्याऔं,
◆आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

